# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## सुदुरपश्चिम प्रदेश, नेपाल

**विषयः फोहरमैला व्यवस्थापनमा सहकार्यका लागि सिलबन्दी आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्ने सम्वन्धमा ।**

**(दोस्रो पटक प्रकाशित मितिः २०७८/१२/१५)**

यस धनगढी उपमहानगरपालिकाको सघन शहरी क्षेत्रमा दैनिक उत्पादन हुने फोहर र सोको व्यवस्थापन नगरकार्यपालिका कार्यालयले आफै गर्दै आईरहेकोमा उक्त कार्य बाह्य क्षेत्रसंगको सहकार्यमा गर्नका लागि मिति २०७७/०७/२७ को ५४ औं नगरकार्यपालिकाको बैठकबाट सुझाव समिति गठन भई सो समितिले उपलब्ध गराएको प्रतिवेदनका आधारमा र स्थनीय सरकार संचालन ऐन २०७४ को दफा ११ (उपदफा २ को (झ) आधारभुत स्वाथ्य र सरसफाई र (ञ) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता) बमोजिम सार्वजनिक निजि साझेदारीको अवधारणामा उप-महानगरपालिका सघन शहरी क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्न इच्छुक र सक्षम संघ/संस्था तथा फर्महरु आर्थिक र प्राविधिक प्रस्ताव पेश गर्न भनि मिति २०७७/१०/०७ गते प्रकाशित सूचना अनुसार पेश भएका आर्थिक र प्राविधिक प्रस्ताव असक्षम र उपयुक्त नभएको हुनाले तपसिलका शर्तहरुमा सहकार्य गर्न इच्छुक र सक्षम संघ/संस्था तथा फर्महरुले यो सूचना प्रकाशित भएको मिति ले १५ (पन्ध्र) दिन भित्र प्रस्ताव पेश गर्नहुन पुनः यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

**क) <u>उप-महानगरपालिकाको हुने दायित्व</u>**

- सरसफाई तथा फोहर संकलन र ल्याण्डफिल्ड साईट सम्म दुवानी गर्नका लागि हाल कार्यालय संग भएका करार तथा ज्यालादारीका साविक देखि कार्यरत २९ जना सरसफाई जनशक्ति र ३ जना ट्रयाक्टर चालक उपलब्ध गराउने छ ।
- कार्यालयको स्वामित्वमा रहेका तीनवटा (३) ट्रयाक्टर समेत उक्त कार्यमा मात्र प्रयोग गर्न पाउने गरि स्वामित्व कार्यालयमै हुने गरि उपलब्ध गराउने छ ।
- ल्याण्डफिल्ड साईटको उपलब्धता र व्यवस्थापन कार्यालयले गर्ने छ ।
- कार्यलियमा रहेका स्थायी सरसफाई कर्मचारीहरु समेत सरसफाई तथा फोहरमैला व्यवस्थापन कार्यमा कार्यालय संगको समन्वयमा परिचालन हुने गरि उपलब्ध गराउने छ ।
- सहकार्यको लागि छनौट भै सम्झौता गर्ने प्रस्तावकले घरधुरी, व्यवसाय र सार्वजनिक निकायहरु संग मासिक उठाउन पाउने सेवा शुल्क निर्धारण गरि दिने छ र रसिद प्रमाणित गरि दिने छ ।
- सेवा शुल्क उठाउनमा आवश्यकतानुसार सहजीकरण गर्न सक्ने छ ।
- सम्झौता गर्ने प्रस्तावकको यस कार्यको सम्वन्धमा भएको कारोबारको मात्र आन्तरिक लेखा परिक्षण गर्ने छ ।

**ख) <u>प्रस्तावकले सम्झौता गरी पालना गर्नु पर्ने दायित्वहरु</u>**

- हाल लाई प्रथम चरणमा उप-महानगर क्षेत्रको वडा न.१,२,३,४,६,५,७,८ र १३ न. वडा क्षेत्रबाट सृजना हुने फोहरमैला संकलन र फोहरमैला व्यवस्थापन केन्द्र सम्म ढुवानी कार्य गर्नु पर्ने छ ।
- नगरकार्यपालिका कार्यालयले उपलब्ध गराइने करार तथा ज्यालादारीका कर्मचारीहरुलाई कार्यालय उपलब्ध गराउदै आएको पारिश्रमिक र सुविधा प्रस्तावकले उपलब्ध गराउने र काममा लगाउने दायित्व वहन गर्नु पर्नेछ । कार्य सन्तोषजनक नभएमा बाहेक सेवाबाट हटाउन पाइने छैन । थप जनशक्ति र ढुवानी साधन आवश्यक भएमा सो को व्यवस्थापन गर्नुपर्नेछ ।
- समय तालिका मिलाई फोहरमैला संकलन र व्यवस्थापन गर्नु पर्नेछ । घरघरमा गई फोहरमैला संकलन गर्नु पर्नेछ । सार्वजनिक स्थलमा फोहर थुपार्न र जलाउन पाइने छैन ।
- नगरको मुख्य मुख्य सडक चोकहरुमा वडार्ने र फोहर कसिंगर संकलन र व्यवस्थापनको कार्य गर्नु पर्नेछ ।
- नगरपालिकाले निर्धारण गरको दरमा मात्र सेवा शुल्क उठाउन पाईनेछ र प्रमाणित रसिद मात्र प्रयोग गर्ने र छुट्टै कार्यालय स्थापना गर्नु पर्नेछ । आ.ले.प. गराउने दायित्व वहन गर्नु पर्नेछ ।
- ढुवानीको साधनमा प्रयोग हुने ईन्धन, सरसफाईका लागि कामदारहरुलाई आवश्यक पर्ने न्युनतम सामग्रीको व्यवस्था गर्नु पर्नेछ । नगर कार्यपालिका कार्यालयले उपलब्ध गराउने ट्रयाक्टरको मर्मत सम्भार, सुरक्षा व्यवस्था गर्नु पर्नेछ ।

- घरधुरी, व्यवसाय र सार्वजनिक निकायबाट उत्पन्न हुने फोहरलाई कुहिने नकुहिने गरी छुट्याउन लगाई/छुटयाई रिसाईकिलिंग गर्न सकिने र फोहरबाट उर्जा उत्पादन (Waste to Energy) गर्ने कार्यमा कच्चा पदार्थ बिक्री गरी आम्दानी गर्न पाउनेछ । तर कवाडी सामग्रीमा नगरपालिकाले गरेको ठेक्का बन्दोबस्त नै लागु हुने छ ।
- प्रस्तावकले प्रस्तावका साथमा संस्थाको आध्यावधिक कानुनी कागजातहरु संग्लन गरी, फोहरमैला व्यवस्थापनमा सहकार्य गर्ने आवधि, प्रक्रिया, तौरतरिका, स्रोतसाधन, जनशक्ति, परिचालनको साथै अन्य TOR उल्लेख भए बमोजिम स्पस्ट रुपमा खुलाउनु पर्ने छ ।

ग) <u>अन्य शर्तहरु</u>

- धनगढी उप-महानगरपालिकाबाट प्रस्तावित,फोहरमैला व्यवस्थापनका लागि शुल्क उठाउने पहिचान गरिएका क्षेत्र, दर, लाग्ने सम्भावित, लागत समेतको अनुमानित हिसावबाट पहिलो एक वर्षलाई लागत आम्दानी बराबर हुने आधारमा सम्झौता हुनेछ । सहकार्यको आवधि दीर्घकालीन हुनेछ ।
- उठेको शुल्क, आम्दानी र खर्चको आ.ले.प. प्रतिवेदन, थप क्षेत्र र शुल्क परिमार्जन गरि सोकोआधारमा आगामी वर्षहरुको स्वीकृत प्रस्तावकको दायित्व आपसि समझदारी गरि हेरफेर हुनेछ ।
- प्रस्तावकले TOR तथा प्रस्तावित कार्यको वजेट विवरण यस कार्यालको कार्यालय समय भित्र रु १००० मात्रमा खरिद गर्न सकिनेछ ।
- पेश भएको कबोल अंकको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, धनगढी शाखामा रहेको खाता न. ४१७०१००३०३०००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर र इजाजत प्राप्त बैंकबाट १२० दिन मान्य हुने बैंक जमानत पेश गर्नु पर्नेछ ।
- विस्तृत आर्थिक तथा प्राविधिक प्रस्ताव खामवन्दी गरि प्रस्ताव बुझाउने अन्तिम मिति २०७८/१२/२९ गते दिनको ५:०० बजे सम्म पेश गर्नुपर्नेछ ।
- यसमा उल्लेख भएका शर्तका अलावा सहकार्यको समयावधि र अन्य विषयहरु सम्झौता गर्दाको समयमा सम्झौता पत्रमा उल्लेख हुने छ । कुनै प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने आधिकार नगरकार्यपालिका कार्यालमा निहित रहने छ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत